ईश्वरपुर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

ईश्वरपुर, सर्लाही

मधेश प्रदेश, नेपाल

## औषधीहरु आपुर्ति सम्बन्धि सिलबन्दी दरभाउ पत्र आव्हानको सुचना

**प्रथम पटक प्रकाशनमिति:(२०८२/०९/२४)**

१)यस नगरपालिकालाई आवश्यक पर्ने औषधीहरु सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमारही रितपुर्वकको छुटाछुटै दरभाउपत्र पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

२) यो सुचना प्रकाशित भएको मिति देखि १५ औ दिन कार्यालय समयसम्म दरभाउपत्र फारम यस कार्यालयमा सम्बन्धीत आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजत प्राप्त, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनि दर्ताको प्रमाणित प्रमाणपत्र, मुल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) प्रमाणितपत्र, आ.व. २०८१/०८२ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र नियमनुसारको तपसिलमा उल्लेखित दरभाउपत्र दस्तुर (पछि फिर्ता नहुन ) निवेदन साथ पेश गरेपछि दरभाउ पत्र फारम यस कार्यालयवाट उपलब्ध गराइने छ ।

३)खरिद गरिएको दरभाउपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि १६ औ दिनको १२:०० बजेभित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराउन सकिने छ ।

४) दरभाउपत्र फारमसाथ जमानत वापतको रकम यस नगरपालिकाको नाममा **ईश्वरपुर न.पा. स्थित नेपाल बैक लि.ईश्वरपुर मा रहेको धरौटी खाता नं.(.१०९०३००००००३०००००००००१ )** मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममाजारी भएको कम्तमिा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मितिदेखि) नेपाल सरकारको मान्यत ।प्राप्त बैंकवाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा बिडबण्ड यो सुचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५) दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारमहरु यस कार्यालयमा दरभाउपत्र दाताहरुको रोहवरमा १६ औ दिनको २ :०० बजे खोलिने छ । तर निजहरुको अनुपस्थितीमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन । फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजानिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

६) प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रित नपुगेका र म्याद नाधि आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । दरभाउ पत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७) दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउ पत्र फारममा उल्लेख गरे बमोजिम हुनेछ ।
८) दरभाउपत्र सम्बन्धी सूचना संसोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।
९) अन्य कार्यविधिहरु सार्वजानिक खरिद ऐन २०६३ (संसोधित), सार्वजनिक खरिद नियमवली २०६४ (संसोधित) तथा अन्य प्रचलित ऐन नियम वमोजिम हुनेछ ।
१०)दरभाउ पत्र सम्बन्धी थप जानकारीका लागि नगरपालिका कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ ।

**विवरण**

| ठेक्का नं. | ठेक्काको नाम | लागत अनुमान रकम रु. | धरौटी रकम रु. | दरभाउपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|
| H-०१/०८२/०८३ | निःशुल्क स्वास्थ्य सेवाको लागि औषधि तथा स्वास्थ्य सामग्री खरिद | ४९,०१,०००।०० | १३७,०००।०० | ३,०००।०० |

..................
डा. पंकज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत
डा. पंकज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत